annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १८१ पृष्ठ ८ | काठमाडौं, बुधबार २१ कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४५ | WEDNESDAY, NOVEMBER 6, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# ४० सहकारीको ८८ अर्ब हिनामिना

मुलुकका ४० वटा सहकारीबाट बचतकर्ताको ८७ अर्ब ८९ करोड २१ लाख ५ सय १ रुपैयाँ रकम हिनामिना भएको छ। संसदीय छानबिन विशेष समितिले सार्वजनिक गरेको प्रतिवेदनअनुसार सञ्चालकले आफूखुसी उक्त रकम हिनामिना गरेका हुन्। बचतकर्ताले सडकमा पौरख गरेर बचत गरेको रकमबाट सहकारीका सञ्चालकहरूले गर्नुसम्म मनलाग्दी गरेको तथ्य भेटिएको छ। यतिसम्मकी बचतकर्ताको रकमबाट सहकारीका सञ्चालकहरूले हेलिकप्टर चार्टर्ड गरेर सगरमाथाको आधारशिविर पुगेर पत्नीको जन्मदिन मनाएको पाइएको छ। आफ्नो हात जगन्नाथ भनेझैं सबै कागजात नक्कली खडा गराएर बचतकर्ताको रकममा मनपरि गरेका थिए। तर, २ चार पैसा ब्याजको आसमा सहकारीमा पैसा जम्मा गरेका सर्वसाधारण भने बिचल्लीमा परेका छन्। आफैंले जम्मा गरेको पैसा फिर्ताका लागि आन्दोलन गरिरहेका छन्।

**केशरराज क्षेत्री** | *बुटवल*

**- को रिपोर्ट**

## कुन सहकारीले कति गरे हिनामिना ?

| क्र.सं | सहकारीको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | शिवशिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | भक्तपुर | १० अर्ब ९१ करोड ११ लाख १ हजार १ सय ८८ |
| २ | श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ललितपुर | ९ अर्ब १० करोड ९९ लाख ६८ हजार ८ सय ६९ |
| ३ | सुमेरु बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ललितपुर | ९ अर्ब २० करोड ९५ लाख २५ हजार ८ सय ७९ |
| ४ | कान्तिपुर सेभिङ्स एन्ड क्रेडिट को–अपरेटिभ लिमिटेड | काठमाडौं | ८ अर्ब १९ करोड ४८ लाख २३ हजार ६ सय २८ |
| ५ | आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | वीरगन्ज | ७ अर्ब ८७ करोड ४५ लाख ४४ हजार ५ सय ३० |
| ६ | गोरखा सेभिङ्स एन्ड क्रेडिट को–अपरेटिभ लिमिटेड | काठमाडौं | ७ अर्ब १४ करोड ३१ लाख ३५ हजार १ सय ४१ |
| ७ | स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | काठमाडौं | ३ अर्ब ५१ करोड ४४ लाख २६ हजार ८ सय ७ |
| ८ | ओरेन्टल को-अपरेटिभ | काठमाडौं | ३ अर्ब १९ करोड ५० लाख २२ हजार ८ सय ६२ |
| ९ | क्यापिटल सेभिङ एन्ड क्रेडिट को–अपरेटिभ लिमिटेड | काठमाडौं | ३ अर्ब १७ करोड ५६ लाख ५९ हजार ९ सय |
| १० | गौतम श्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | काठमाडौं | ३ अर्ब ३२ करोड १६ लाख ३६ हजार २ सय ६६ |
| ११ | जेष्ठ बचत तथा ऋण सहकारी संस्था लिमिटेड | काठमाडौं | २ अर्ब ९४ करोड ९९ लाख २७ हजार ८२ |
| १२ | कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ललितपुर | २ अर्ब ३६ करोड ५ लाख २० हजार २ सय ३९ |
| १३ | सानो पाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | वीरगन्ज | १ अर्ब ५४ करोड ३६ लाख ८५ हजार ५ सय ३९ |
| १४ | सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड | कास्की | १ अर्ब ५२ करोड ५५ लाख ४१ हजार ५ सय ६४ |
| १५ | सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेड | बुटवल | १ अर्ब ३० करोड ६४ लाख ६ हजार ७ सय १९ |
| १६ | इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड | पोखरा | १ अर्ब २२ करोड ५ लाख ३१ हजार ६ सय ६९ |
| १७ | दर्शन बचत तथा ऋण सहकारी संस्था | कीर्तिपुर | १ अर्ब ५७ करोड ४ लाख ८० हजार ३ सय ८९ |
| १८ | तुलसी बहुमुखी सहकारी संस्था | मोरङ | १ अर्ब ६७ करोड ४६ लाख ३५ हजार ४ सय ९६ |
| १९ | कुमारी बचत तथा ऋण सहकारी संस्था | काठमाडौं | १ अर्ब २७ करोड १९ लाख ८ हजार १ सय ७२ |
| २० | प्राइम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | पोखरा | १ अर्ब १७ करोड ७७ लाख १७ हजार ३ सय ६४ |
| २१ | पशुपति सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | ललितपुर | १ अर्ब ११ करोड ४८ लाख ३ हजार ६ सय १८ |
| २२ | बराह बचत तथा ऋण सहकारी संस्था | धरान | १ अर्ब ६ करोड ७२ लाख ६४ हजार ९ सय ८७ |
| २३ | स्टान्डर्ड सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ लिमिटेड | काठमाडौं | ७० करोड ६३ लाख ९८ हजार ७३ |
| २४ | सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड | चितवन | ६५ करोड १६ लाख ७१ हजार ७ सय १२ |
| २५ | प्यासिफिक सेभिङ एन्ड इन्भेस्मेन्ट कोअपरेटिभ लिमिटेड | काठमाडौं | ४८ करोड ७३ लाख ९८ हजार ९ सय १३ |
| २६ | नेपाल सहकारी वित्तीय संस्था | काठमाडौं | ४१ करोड ९४ लाख ५६ हजार ८ सय ८३ |
| २७ | मित्रमिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेड | पोखरा | ३१ करोड १३ लाख ६५ हजार ९ सय ४ |
| २८ | समानता बचत तथा ऋण सहकारी संस्था लिमिटेड | नेपालगन्ज | २१ करोड ८८ लाख ३६ हजार १ सय ८३ |
| २९ | छिपछिपे उपभोक्ता सहकारी संस्था | पूर्वी नवलपरासी | १३ करोड ८२ लाख ९२ हजार २ सय ८२ |
| ३० | मितेरी बचत तथा ऋण सहकारी संस्था | ललितपुर | १५ करोड ८६ लाख ५६ हजार ३ सय ७० |
| ३१ | प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड | काठमाडौं | १३ करोड २० लाख ८९ हजार ९ सय २७ |
| ३२ | सोसाइटल सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ | ललितपुर | १० करोड ८७ लाख ४१ हजार २ सय ४३ |
| ३३ | लु:निभा बहुउद्देश्यीय सहकारी संस्था | काठमाडौं | ८ करोड ११ लाख ८६ हजार ७ सय ७९ |
| ३४ | चार्टड सेभिङ एन्ड को-अपरेटिभ लिमिटेड | काठमाडौं | ७ करोड ४९ लाख ३० हजार ९ सय ६४ |
| ३५ | हाम्रो नयाँ कृषि सहकारी संस्था | काठमाडौं | ७ करोड ७७ लाख ९० हजार १ सय ९८ |
| ३६ | कन्जुमर सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ | काठमाडौं | ४ करोड ३४ लाख ७८ हजार २ सय ५२ |
| ३७ | कोहीनुर हिल सेभिङ एन्ड को-अपरेटिभ लिमिटेड | काठमाडौं | २ करोड ४१ लाख ७१ हजार ८ सय ९९ |
| ३८ | भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड | काठमाडौं | १ करोड ६५ लाख ४४ हजार ७ सय ११ |
| ३९ | कुबेर बचत तथा ऋण सहकारी संस्था | काठमाडौं | ५७ लाख ६३ हजार ४ सय ६७ |
| ४० | स्ट्यान्डर्ड मल्टिपर्पोज कोअपरेटिभ लिमिटेड | काठमाडौं | ७५ लाख २८ हजार ८ सय २४ |

जम्मा | ८७ अर्ब ८९ करोड २१ लाख ५ सय १

समाचार पृष्ठ २

# नेपाल–भारत दीर्घकालीन विद्युत् व्यापार सम्झौता विरुद्धको रिट खारेज




**अन्नपूर्ण** | *काठमाडौं*

सर्वोच्च अदालतले नेपाल-भारतबीच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झौताविरुद्ध परेको रिट निवेदन खारेज गरेको छ। ०८० पुस १९ गते नेपालमा दुवै देशका ऊर्जासचिवबीच २५ वर्षका लागि दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको थियो। उक्त सम्झौताविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले रिट हालेका थिए। उनले सम्झौता खारेजको माग गर्दै ०८० फागुन १२ गते सर्वोच्चमा रिट निवेदन दिएका थिए।

उपाध्यायले प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ऊर्जा जल स्रोत तथा सिँचाइ मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय र कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई प्रतिवादी बनाएर रिट निवेदन दिएका थिए। सर्वोच्चले उपाध्यायको रिट निवदेनलाई निर्देशनात्मक आदेश जारी गर्दै खारेज गरेको हो। मंगलबार भएको सुनुवाइमा प्रधानन्यायाधीश प्रकाशकुमार सिंह राउत र न्यायाधीशहरू सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको पूर्ण इजलासले उक्त सम्झौता खारेज हुनुपर्ने मागसहित पेस भएको रिट निवेदन खारेज गरेको हो।

नेपाल-भारतबीचको दीर्घकालीन सम्झौतामा २५ वर्षका लागि विद्युत् व्यापारसँगै भारतले आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् किन्ने उल्लेख छ। अघिल्लो वर्ष प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदिले नेपालको १० हजार मेगावाट बिजुली किन्ने घोषणा गरेका थिए।

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण लगत्तै नेपाली अधिकारीहरूले दीर्घकालीन पीपीएको मस्यौदा भारत समक्ष पेस गरेको थियो। अघिल्लो वर्षको जेठको अन्तिम साता नै दीर्घकालीन पीपीएका लागि नेपाल-भारतबीच प्रारम्भिक सम्झौतामा हस्ताक्षर भएको थियो। त्यसपछि भदौमा नेपालसँगको विद्युत व्यापार सम्झौता भारतको मन्त्रिपरिषदबाट अनुमोदन भएको थियो। पुसमा दुई देशबीच सम्झौतमा हस्ताक्षर भएको थियो।

# सांसद मनाङे ज्यान मार्ने उद्योगमा दोषी ठहर, ५ वर्ष कैद सजाय



**पोखरा** (अन्नपूर्ण): गण्डकी प्रदेशका सांसद तथा पूर्वमन्त्री राजीव गुरुङ (दीपक मनाङे) सर्वोच्च अदालतले ज्यान मार्ने उद्योगमा दोषी ठहर गरेको छ। सर्वोच्च अदालतले मंगलबार मनाङेलाई ५ वर्ष कैदको फैसला सुनाएको हो।

सर्वोच्चका न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले यसअघि उच्च अदालत पाटनले गरेको फैसला सदर गरेको हो। २०६१ सालमा मनाङेले चक्रे मिलनमाथि तरबार आक्रमण गरेका थिए। सोही घटनामा प्रहरीले काठमाडौं जिल्ला अदालतमा मनाङेविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरेको थियो।

काठमाडौं जिल्ला अदालतले कुटपिटको मुद्दा ठहर गरी मनाङेलाई २ वर्ष जेल सजाय सुनाएपछि सरकारी वकिलको कार्यालयले उच्च अदालत पाटनमा पुनरावेदन गरेको थियो। उच्च अदालत पाटनले उक्त फैसला पल्टाउँदै ५ वर्ष कैद सजाय सुनाएको थियो। उक्त मुद्दामा मनाङे २ वर्ष जेल सजाय काटिसकेका छन्। सर्वोच्चले मनाङेमाथि पाटन उच्च अदालतबाट गरिएको फैसलालाई सदर गरेको हो।

मनाङे जेलबाट छुटेर दुईपटक प्रदेश सांसद भएका छन्। उनी मनाङ प्रदेश सभा-२ बाट २०७४ र २०७९ को चुनावमा स्वतन्त्रबाट निर्वाचित भएका थिए। उनी सत्ता फेरबदलको फाइदा उठाउँदै पाँचपटक मन्त्री बनेका थिए। पटक-पटक गठबन्धन बदल्दै मन्त्री बनेका मनाङेले पछिल्लो पटक कांग्रेस-एमाले गठबन्धनपछि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको सरकारमा भौतिकबाट वन मन्त्रालयमा सारिएपछि अल्छी लागेको भन्दै मन्त्री पद छाडेका थिए।

सांसद गुरुङको कैद फैसला सर्वोच्चले सदर गरेपछि गण्डकी प्रदेशका सभामुख कृष्ण धितालले सञ्चार माध्यमबाट अहिले यस विषयमा जानकारी पाएको र कानुन व्यवसायीसँग परामर्श गरेर अदालतको निर्णयअनुसार अघि बढ्ने बताए।

# अमेरिकी राष्ट्रपतिमा १ लाख नेपाली मूलका नागरिक मतदान गर्दै

**अनिल अधिकारी** | *अमेरिका*

'आफ्नो राष्ट्रपति चुन्नका लागि म लाइनमा बसेको छु, केहीबेरमा मतदान गर्छु,' यो भनाइ हो ६२ वर्षका अमेरिकी नागरिक जोन विलियमको। आगामी चार वर्षका लागि अमेरिकी राष्ट्रपति छान्न अमेरिकी नागरिकहरू यतिबेला भोटिङको लाइनमा बसेका छन्। संविधानत: अर्लि भोटिङ अर्थात् अन्तिम दिन नकुरी भोट गर्न पाउने व्यवस्था भएकाले धेरैजसो नागरिकले मतदान गरिसकेका छन्। तर, नोभेम्बर ५ अर्थात् मंगलबार मतदान गर्ने अन्तिम दिन हो। यसले भावी अमेरिकी राष्ट्रपतिको निर्धारण गर्ने छ।

यसो त अमेरिकाले आफ्नो देशको राष्ट्रपति चुन्दै छ, तर शक्तिराष्ट्र भएकाले नेपाललगायत विश्वभरको ध्यान यतिबेला अमेरिकामा छ। अमेरिकाले बनाउने आर्थिक तथा रणनैतिक योजनाहरूको प्रभाव विश्वभर पर्ने भएकाले अमेरिकी राष्ट्रपति निर्वाचनको चासो हुने गरेको हो।

महाशक्तिराष्ट्र भएकाले अमेरिकी राष्ट्रपतिलाई विश्व समुदायले समेत अभिभावक मान्ने गरेको पाइन्छ। यसरी भनौं अमेरिकी राष्ट्रपति यो मुलुकको मात्रै राष्ट्रपति होइन्न। यो समाचार तयार पार्दासम्म ८२ करोडभन्दा बढी अमेरिकी नागरिकले राष्ट्रपति छान्न मतदान गरिसकेका छन्। राष्ट्रपतिका लागि मैदानमा छन्, पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प र वर्तमान उपराष्ट्रपति कमला ह्यारिस।

यसो त भावी राष्ट्रपति छान्नका लागि मतदान स्थलमा जाँदै गरेका तथा जाने तयारीमा रहेका अमेरिकी नागरिकले कसलाई मतदान गर्ने भनेर निर्णय गरिसकेका छन्। स्थानीय समयअनुसार मंगलबार साँझसम्म भावी राष्ट्रपति को हुनेछ भन्ने अनुमान भइसक्ने छ।

यद्यपि अमेरिकामा राष्ट्रपतिको उम्मेदवारी लगत्तै राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्चारमाध्यममार्फत प्रत्यक्ष बहस सुरु भएपछि नै अमेरिकी नागरिकले कसलाई मतदान भन्नेबारे सोच बनाइ सकेका हुन्छन्।

हालसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सर्वेक्षणहरूले दुवै उम्मेदवारका बीचमा कडा प्रतिस्पर्धा भइरहेको देखाइरहेका छन्। पूर्वराष्ट्रपति समर्थक या भनौं रिपब्लिकन पार्टी समर्थक सञ्चार माध्यमले ट्रम्पले




चुनाव जित्ने देखाइरहेका छन्, भने अर्कोतर्फ उपराष्ट्रपति ह्यारिस समर्थक, डेमोक्र्याटिक पार्टी समर्थकहरूले ह्यारिसले चुनाव जित्ने देखाइ रहेका छन्। अघिल्ला चुनावहरूमा आएको सर्वेक्षणहरूलाई आधार मानेर यसपटक गरिएका सर्वेक्षणहरू हेर्ने हो भने आगामी राष्ट्रपति को हुनेछ भन्ने यसै भन्न सकिने अवस्था छैन। सन् २०१६ मा आएको सर्वेक्षणले हिलारी क्लिनटनलाई जित्ने देखाएको थियो, तर उनले चुनाव जितिनन्। मध्यमवर्गीय, अश्वेत, आप्रवासी, महिला तथा उदारवादीहरूको मत कमला ह्यारिसलाई जाने अनुमान गरिएको छ। यस्तै कट्टरपन्थी, पुरातनपन्थी, श्वेत अमेरिकनहरूको मत पूर्वराष्ट्रपति ट्रम्पलाई जाने अनुमान भइरहेका छन्। यस्तै अधिकांश पूर्वराष्ट्रपतिहरूको समर्थनसमेत ह्यारिसलाई छ।

अमेरिकामा रजिष्टर भोटरहरू कटिबद्ध मतदाता मानिन्छन् भने अमेरिकी निर्वाचनको निर्क्योल स्विङ राज्य अर्थात् परिवर्तनशील नागरिक बस्ने राज्यले नै निर्णय गर्ने गरेको छ। जुन राज्यमा डेमोक्र्याट र रिपब्लिकन पार्टी समर्थकको स्थिर बहुमत हुँदैन्, ति राज्यहरू स्विङ राज्य हुन्। हालसम्मको राष्ट्रपतीय नतिजालाई हेर्दा त्यस्ता राज्यहरू नै निर्णायक हुने गरेका छन्। राष्ट्रपतिका उम्मेदवारहरूले यिनै स्विङ राज्यमा आफ्नो चुनावका बखत बढ्ता सभा समारोहहरू गरिरहेको पाइन्छ।

अमेरिकामा स्विङ राज्य भन्नाले फलोरिडा, पेन्सलभेनिया, ओहायो, मिसिगन, विस्सकन्सिन, एरिजोना, जर्जिया र नर्थ क्यारोलिनालाई चिनिन्छ। यसपटक भर्जिनिया राज्यलाई निर्णायक राज्य मानिएको छ। यि उल्लेख भएका स्विङ राज्यबाट ९३ इलेक्टोरल छानिनेछन्।

» बाँकी पृष्ठ ६